# तिला गाउँपालिका

# स्वास्थ्य तथा सरसफाई नीति, २०७८

## १. पृष्ठभूमि

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ ले नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको अवस्थामा तिला गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुर्‍याउने र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु अपरिहार्य छ ।

स्वास्थ्य र बिकास अन्तर सम्बन्धित बिषयहरु हुन् । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । गाउँपालिकाको अथक प्रयासका बाबजुद अझ पनि गरिब, दुरदराजका नागरिकहरु अत्यावश्यक स्वास्थ्य तथा सरसफाईको सुविधाबाट बञ्चित रहेका छन । गुण्स्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएको छ ।

तिला गाउँपालिका भित्र नवजात शिशु, बाल तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, ~~शारीरिक र मानसिक~~ सबै प्रकारका अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, दलित र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन यस गाउँपालिकाले दायित्वबोध गरेको छ ।

तिला गाउँपालिकाका हरेक वडामा कम्तिमा एक स्वास्थ्य संस्था स्थापना गरी सेवाको पहुँच बढाउन जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुनस्थापना गर्न यस गाउँपालिका स्वास्थ्य तथा सरसफाई नीति, २०७७ तयार गरी लागू गरिएको छ ।

## २. विगतमा गरिएका प्रयासहरु :

राष्ट्रिय नीति तथा लक्ष्यहरुका आधारमा नेपालमा स्वास्थ्य क्षेत्रमा उल्लेख्य उपलब्धी र सफलता प्राप्त भएका छन तथापी यस गाउँपालिकामा स्वास्थ्यका सूचकहरुमा भएको प्रगतीबाट पुर्ण रुपमा सन्तुष्ट हुने अवस्था भने छैन । गाउँपालिकाले विषेशगरी सेवाबाट बञ्चीतिकरणमा परेका दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समुहका, ~~शारीरिक तथा मानसिक रुपमा अशक्त~~ अपाङ्गता भएका नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ तापनि सेवाको पहुँचमा असमानता बिद्यमान छ ।

तिला गाउँपालिकाले स्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी प्रभावकारी रुपमा कार्य गर्दै आएको छ । गाउँपालिकाबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई प्रवर्द्धन गर्दै आगामी दिनहरुमा तथ्यमा आधारित योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तुस्थिती झल्कने गरी स्वास्थ्य प्रोफाईल समेत तयार गरेको छ ।

## ३. तिला गाउँपालिकाको बर्तमान अवस्था

यस तिला गाउँपालिकाले अस्पतालको शिलन्यास गरी निर्माण कार्यलाई सुचारु गरेको छ । हाल ५ स्वास्थ्य चौकी, ३ आधारभुत स्वास्थ्य सेवा केन्द, ५ सामुदायिक स्वास्थ्य केन्द्र, १६ गाँउघर क्लिनिक, १४ खोप क्लिनिक र ६४ जना महिला स्वास्थ्य स्वयं सेवकिाहरुद्धारा नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह गरिरहेको छ । केही महत्वपूर्ण सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| .सि. नं | सुचकहरू | नेपाल | प्रदेश | तिला गाउँपालिका | स्रोत |
|---|---|---|---|---|---|
| १ | औषत आयू | ७१ | ६८ | | HDI Report 2014 |
| २ | मानव बिकास सूचकाङक | ०.४९ | ०.४२ | | HDI Report 2014 |
| ३ | साक्षरता प्रतिशत | ६७.९ | ६६.८ | | HDI Report 2014 |
| ५ | पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु दर | ३९ | ५८ | ० | NDHS 2016 |
| ६ | शिशु मृत्यू दर | ३२ | ४७ | ० | NDHS 2016 |
| ७ | नवजात शिशु मृत्यु दर | २१ | २९ | ० | NDHS 2016 |
| ८ | मातृ मृत्यु दर | २३९ | | ० | NDHS 2016 |
| ९ | संस्थागत प्रसुतीको प्रतिशत | ५७ | ३६ | | NDHS 2016 |
| १० | पाँच वर्षमुनिका कम तौल भएका बच्चाहरूको प्रतिशत | २७ | ३६ | | NDHS 2016 |
| ११ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | | NDHS 2016 |
| १२ | प्रोटोकल अनुसार पहिलो पटकको गर्भवती जाँच | ६९ | ५२ | | NDHS 2016 |
| १३ | प्रोटोकल अनुसार चार पटकको गर्भवती जाँच प्रतिशत | ५८.८ | ५२ | | NDHS 2016 |
| १४ | प्रोटोकल अनुसार तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मिबाट सुत्केरी गराएको प्रतिशत | ५८ | ३५ | | NDHS 2016 |
| १५ | सस्थागत सुत्केरी हुने प्रतिशत | ५७ | ३६ | | NDHS 2016 |
| १५ | परिवार नियोजनको प्रयोग दर | ४३ | ४५ | | NDHS 2016 |
| १६ | किशोर अवस्थामा गर्भवती हुनेको प्रतिशत | ३.८ | ६.७ | | |
| १७ | वहिरंग सेवा लिनेहरुको प्रतिशत | | | | |

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिए तापनि बर्तमान अवस्था र अवश्यकताको अधारमा गुणस्तरीय स्वास्थ्य सेवाको लागि गर्नुपर्ने धेरै छ ।

## ४.गाउँपालिकामा विद्यमान स्वास्थ्य समस्या तथा चुनौतीहरूः

### ४.१ समस्याहरु

- तिला गाउँपालिका भित्र भौगोलिक बिशिष्टता र समतामुलक हिसावले स्वास्थ्य संस्थाहरुको व्यवस्था हुन नसकेकोले सवै तह, वर्ग र क्षेत्रका समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- मौजुदा स्वास्थ्य संस्थाहरु समयानुकुल सुधार गर्न नसकिएको र न्यूनतम पुर्वाधार सहितको रोग निदान सेवा समेत उपलब्ध हुन सकेको छैन ।
- स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुका लागि समुचित र उत्साहप्रद रुपमा काम गर्ने वातावरण सृजना हुन सकेको छैन ।
- भौगोलिक विकटता, औषधी भण्डारण ब्यवस्था (स्थान, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुँच योग्य हुन सकेको छैन ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरु जस्तै क्यान्सर, मुटु, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरु बढ्दै गएको अवस्था छ ।
- गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महगों पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै गम्भिर आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसी मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।
- गाउँपालिकाका नागरिकहरुमा गरीवी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जस्का कारण बेलाबखत झाडापखाला, हैजा, ज्वरो, दादुरा, रुबेला, जस्ता रोगहरु बेलाबेला फैलने गरेको छ ।
- भौगोलिक बिकटता, उपयुक्त स्वास्थ्य सेवा उपलब्ध हुन नसक्नु र समयमा सेवा प्राप्त गर्न जान समेत कठिनाइकौ कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृस्वास्थ्य जस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुनसकेको छैन । अझै पनि यस गाउँपालिकाका आधाजसो गर्भवति महिलाहरु घरैमा सुत्केरी हुने, किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ ।
- गाउँपालिकाका जडिबुटी एवं आयूर्वेदिक उपचार पद्दतीको उपयुक्त ब्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि ~~उचित~~

अन्तिम मस्यौदा

सहज पहुँच र लाल्छना रहित तथा मर्यादित व्यवहारयूक्त स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरु (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्बजनिक सुनुवाइ र नागरिकका गुनासाहरु सुन्ने तौरतरिका ) को उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा जनतामा सार्वजनिक स्वास्थ्य सेवा प्रतिको असन्तुष्टी अझै कायम छ ।

## ४.२ चुनौतीहरु

- आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्न गाउँपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- परम्परागत धामी, झाँक्री प्रति नागरिकहरुमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सा पद्दती प्रति  जनतामा खास गरेर दुर्गम भेगका नागरिकहरुमा  विश्वास जगाउनु पर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पुर्‍याउन र  सेवाको पहुँच कम भएका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- दुर्गम क्षेत्रमा  नागरिकलाई सुलभ  मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।
- भौगोलिक विकटता, शिक्षा  र चेतनाको न्यून स्तर, सडक, विजुली, टेलिफोन, शुद्ध खानेपानीको  अपर्याप्तता जस्ता बाधा अड्चनहरुले आधारभुत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतिपूर्ण अवस्था सृजना भएको छ ।
- स्वास्थ्य संस्था तथा सेवा अपाङ्गता मैत्री नहुनाले, अपाङ्गता भएका व्यक्तिहरुलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान कठिन भएको छ ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरु (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, अपाङ्गता मैत्री सञ्चार प्रणाली, सार्बजनिक सुनुवाइ र नागरिकका गुनासाहरु संकलन तथा सुन्ने तौरतरिका वा प्रणाली) को उचित व्यवस्थापन र समुचित प्रयोगमा कमीहुनाले सबै लक्षित समूह मैत्री गुणस्तरिय स्वास्थ्य सेवा दिन सकिएको छैन ।

## ४.३ अवसरहरु

- गाउँपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्ने ।

- गाउँपालिका सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाईसदुपयोग गर्ने ।
- राजनैतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि, एकिकृत सुचना प्रणालीलाइ सुदृढीकरण गर्ने ।
- संविधान प्रदत एकल तथा साझा अधिकारका सुचि विस्तृतिकरण भई स्पष्ट रुपमा स्थानिय स्वास्थ्य सेवाको जिम्मेवारी पालिकामा रहनु
- सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दै जानु
- राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्वास्थ्य सेवालाई गुणस्तर बनाउने कुरामा जोड दिनु
- अपाङ्गता मैत्री भौतिक, सामाजिक तथा सञ्चार प्रणालीको विकास र कार्यन्वयनले बालबालिका, महिला र जेष्ठ नागरिकहरुलाई समेत सेवामा सहज पहुँच सिर्जना गर्नु ।

## ५. गाउँपालिका नीतिको निर्देशक सिद्धान्त,भावी सोच, ध्येय, लक्ष्य तथा उद्धेश्यहरु

उल्लेखित समस्या, चुनौती तथा अवसरका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति तय गरेको छ । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७७ को कार्यान्वयन गरिनेछ ।

### ५.१ निर्देशक सिद्धान्त

- आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

### ५.२ भावी सोच (Vision)

गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.३ ध्येय (Mission )

संघ तथा प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.४ लक्ष्य (Goal)

समतामुलक, न्यायसंगत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गाउँपालिकाका सवै नागरिकहरुलाइ गुणस्तरीय,स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी उपभोगमा बृद्धि गर्ने

### ५.५ उद्देश्यहरू (Objectives)

**(क)** गाउँपालिकाका नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने,

**(ख)** गाउँपालिका मातहतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

**(ग)** स्वस्थ जीवन शैली,सरसफाइ,व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवा मार्फत गाँउवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, ब्यावस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

**(ङ)** स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

## ६. नीतिहरु

गाउँपालिकाको विशिष्टिकृत भौगोलिक,सामाजिक,साँस्कृतिक तथा स्वास्थ्य सेवाका अन्य समस्या र चुनौतिहरुलाई सम्वोधन गरी नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँकार्यपालिकाले देहायका नीतिहरु अवलम्वन गरेको छ ।

**६.१.** गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।

**६.२** गाउँपालिकाका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिने छ ।

**६.३** सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।

**६.४** स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकाका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था /केन्द्र हरुको ब्यवस्था गरिनेछ ।

**६.५** गुणस्तरिय औषधि, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरि प्रभावकारी उपयोगलाई सुनिश्चित गरीने छ ।

**६.६** जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मकसेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।

**६.७** स्वास्थ्य क्षेत्रको जनशक्ति ब्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । कर्मचारीहरुको सीप बिकास तथा बिस्तार गर्न समयानुकुल आवश्यक तालिमको व्यवस्थापनका साथै, स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गरिने छ ।

**६.८** गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

६.९. स्वास्थ्य सेवा प्रणालीलाइ सवल, सक्षम र सुदृढ बनाउन समयानुकुल प्रविधिमैत्री बनाउदै लगिनेछ ।

६.१० स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ । सुचनाका आधारमा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।

६.११ स्वास्थ्य बीमा कार्यक्रमलाइ प्रभावकारी बनाउदै सिमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्य उपचारमा पर्ने ब्यक्तिगत ब्ययभार कम गरिनेछ ।

६.१२ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

६.१३ जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य रोगहरुको रोकथाम, नियन्त्रण, निवारण, र महामारी नियन्त्रण तथा विपद ब्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।

६.१४ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाकाको लगानी बृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई ब्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

६.१५ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ ।

६.१६ गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।

६.१७ फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ ।

६.१८ प्रशुति केन्द्रमा कार्यरत नर्सि स्टाफहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६.१९ गाउँपालिकामा आकस्मिक प्रशुति कोष खडा गरिनेछ ।

६.२० महिला स्वास्थ्य स्वयं सेवकहरुको सेवा व्यवस्थित गरिनेछ ।

६.२१ जनसांख्यिक स्थिती र वितरणको आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

६.२२ अपाङ्गता मैत्री भौतिक, सामाजिक तथा सञ्चार प्रणालीको विकास र कार्यन्वयन गरिने छ ।

**७. नीति अर्न्तगतका रणनीतिहरु:**

**नीति ७.१. गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिने छ ।**

१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईने छ । आवश्यकता अनुसार तोकिएका आधारभूत स्वास्थ्य सेवामा थप सेवाहरु समावेश गरीनेछ, थप गरिएका सेवाहरुको व्ययभार पालिकाले व्यवस्थापन गर्नेछ ।

१.२ दुर्गममा छरिएका र जोखिममा रहेको बस्ती पहिचान तथा नक्शांकन गरि भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

१.३ गाउँपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गर्न कार्ययोजना बनाइ लागू गरिनेछ ।

१.४ संघ तथा प्रदेश तहबाट निर्देशित गरिएका विभिन्न राष्ट्रिय कार्यक्रमहरुको प्रभावकारी रुपमा व्यवस्थापन गरि संचालन गरिनेछ ।

१.५ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी उपकारणहरुको व्यवस्थापन गरिनेछ । न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणालीलाई सुदृढ गरीने छ ।

१.६ मातृ तथा नवशिशु र गर्भवती महिलाहरुको आकस्मिक अवस्था व्यवस्थापनको लागि पालिका तथा प्रत्येक स्वास्थ्य संस्थामा कार्यविधि तयार गरी "आकस्मिक प्रशुति कोषको स्थापना गरिने छ । प्रशुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु २४ घण्टा संचालन हुने व्यवस्था मिलाईने छ ।

१.७ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।

**नीति ७.२ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिने छ ।**

२.१ संघीय र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.२ गाउँपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरु स्तरोन्नती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

२.३ नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

२.४ गाउँपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

२.५ स्वास्थ्य संस्थाहरुमा स्वच्छ खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित) र इन्टरनेट सेवाको व्यवस्था गरिने छ । प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

**नीति ७.३. सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रणालीमा मुलप्रवाहीकरण गर्न उत्प्ररित गरिनेछ ।**

३.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्धन, सर्ने तथा नसर्ने रोगको बारेमा अभिमुखिकरण गर्दै लगिने छ ।

अन्तिम मस्यौदा

३.२ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरुले गर्दै आएको सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने कृयाकलापलाई प्रोत्साहन गरिने छ ।

३.३ धाँमी भ्फाँक्री, गुरु, पुजारी, लगायतका सेवा प्रदायकलाई जनस्वास्थ्य अभियानहरुमा सहभागी गराइने छ ।

३.४ सामाजिक रीतिरिवाज र परम्परागत मुल्यमान्यताका रुपमा सदियौ देखि रहिआएको कुरितिहरु जस्तै छुईप्रथा, छुवाछुत, बालविवाहलाई निरुत्साहित गर्दै, उल•घन गर्ने लाई दण्डनिय गरिने छ ।

३.५ महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन Dignity KIT उपलब्ध गराइनेछ ।

**नीति ७.४. स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था/केन्द्र हरुको व्यवस्था गरिनेछ ।**

४.१ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य ईकाई, स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ ।

४.२ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।

४.३ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ठ अभियान शुरुगरि क्रमबद्ध रुपमा बिस्तार गरिने छ ।

४.४ आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि औषधी खोप तथा अन्य स्वास्थ्य सामाग्रीहरूको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ । औषधिको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मुल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

४.५ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला बिसर्जन गर्ने व्यवस्था गरिने छ ।

**नीति :७.५ गुणस्तरिय औषधि, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरि प्रभावकारी उपयोगलाई सुनिश्चित गरीने छ ।**

५.१ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।

५.२ प्रत्येक वर्ष तथ्यमा आधारित औषधी खरिद योजना प्रक्रिया अबलम्बन गरिनेछ । स्वास्थ्य संस्थामा र पालिका स्तरमा औषधि तथा सामग्रीको आकस्मिक माग बिन्दु र स्वीकृत मौज्दात परिमाण लाइ सन्तुलन मा राख्ने व्यवस्था अनिबार्य गरिने छ । खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

५.३ स्वास्थ्य संस्थामा अत्यावस्यक औषधी तथा सामाग्रीको नियमित उपलब्धताको सुनिश्चित गर्न स्वास्थ्य संस्थामा आकस्मिक औषधी तथा उपकरण खरिद को लागि अनिबार्य रुपमा बजेट बिनियोजन गरि लागु गरिने छ । उपकरणहरुको मर्मत तथा सम्भारकालागि सम्बन्धीत निकायसँग समन्वय गरिनेछ ।

५.४ दातृ निकाय वा अन्य कुनै सहयोगी संघ संस्थाबाट स्वास्थ्य संस्थाको लागि हुने कुनै पनी  औषधि तथा सामग्रीजन्य सहयोग पालिकाको एकद्वार प्रणालीमार्फत मात्र हुने व्यवस्था छ ।

५.५ स्वास्थ्य संस्था स्तरमा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको रोहबरमा औषधी तथा सामग्री को दाखिला गर्ने , म्याद गुज्रेका औषधी तथा सामाग्री नस्ट गर्ने र आवस्यक औषधी माग गर्ने प्रक्रियालाई अनिवार्य गरिने छ ।

५.६ स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु गाउँपालिकाले आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

**नीति ७. ६. जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, तथा पुनर्स्थापनात्मक सेवाको बिकास तथा बिस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।**

६.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार पालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषणसंग सम्बन्धीत कार्यक्रमलाई वडा  तथा स्वास्थ्य सँस्था संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ ।

६.२ बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (बिद्यालय पोषण-दिवा खाजा, जुकाको औषधि वितरण,स्वास्थ्य परीक्षण, किशोर किशोरी सेवा) संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

६.३ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बाल मृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजना तयार गरि लागू गरिनेछ ।

६.४ सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ ।

६.५ बर्थिङ सेन्टर प्रसुती केन्द्रहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर  तथा स्तर अनुसार नवजात शिशु कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।

६.६ नवजातशिशु तथा बाल रोगको एकिकृत ब्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६.७ सुर्तिजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा किनवेच लाई निरुत्साहीत गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग  नियन्त्रण तथा नियमन गर्ने कानून बनाई कार्यान्वयन गरिनेछ ।

६.८ बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर संचालन गरिनेछ ।

अन्तिम मस्यौदा

६.९ Package of Essential Noncommunicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गरिने छ। उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ

६.१० स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ।

६.११ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि .सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

६.१२ मौसमी बसाई सराई, श्रम बसाई सराई, यार्सा एवं जडिबुटी संकलन समयको लागि आधारभूत स्वास्थ्य सेवा घुम्ती स्वास्थ्य क्लिनिकहरु मार्फत प्रदान गरिने छ।

६.१३ मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरीनेछ। जनस्वास्थ्य सेवा कार्यालय, कर्णालि स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग नियमित समन्वयन गरेर मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य कार्यक्रमलाइ व्यवस्थित गरीनेछ।

**नीति ७. ७ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ। कर्मचारीहरुको सीप बिकास तथा बिस्तार गर्न समयानुकुल आवश्यक तालिमको व्यवस्थापनका साथै, स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गरिने छ।**

७.१ बिशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ती व्यवस्थापनका लागि संघिय, प्रदेश सरकार एवं शिक्षालयसंग समन्वय र सहकार्य गरिने छ।

७.२ जवाफदेहिपूर्ण एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ।

७.३ गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको स्तरअनुसारको समुचित व्यवस्थापन गरिनेछ। गाउँपालिकामा रहेका सम्पूर्ण स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ।

७.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ।

७.५ आवश्यकता अनसार स्वास्थ्यकर्मीको प्राविधिक तथा ब्यवस्थापकीय क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ। स्वास्थ्य सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो काम कर्तव्यप्रति थप जिम्मेवार बनाउनका लागी नतिजामुखि कार्य विवरण तयार गरि लागु गरिनेछ।

**नीति ७.८. गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ।**

८.१ गाउँपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा बृद्धि गर्दै व्यवसायिक गर्दै लगिनेछ । अनिधिकृत रुपमा जडिवुटीको बेचबिखन पूर्ण रुपमा निस्तेज गर्दै, गाउँपालिकाको पहलमा व्यवस्थित बिक्रि बितरणको व्यवस्था मिलाईनेछ

८.२ आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सकीय प्रणालीको अनुचित गतिविधिको नियमन गरी त्यस्ता गतिविधिहरुलाई निरुत्साहित गर्दै नियमित अनुगमन र नियमन गरी व्यवस्थित गरिनेछ ।

८.३ आयुर्वेद सेवाको विकास र प्रभावकारी कार्यान्वयनको लागी संघ र प्रदेशसँग समन्वयन गरी आवश्यक संरचनाको विकास र विस्तार गर्दै लगिनेछ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिने छ ।

८.४ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ साथै निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ ।

८.५ गाउँपालिकामा आयूर्वेद बैकल्पिक चिकित्सा पद्धतीको विधिलाई क्रमशः एकद्धार प्रणाली मार्फत सेवा प्रवाह गरिनेछ ।

**नीति ७.९ स्वास्थ्य सेवा प्रणालीलाइ सवल, सक्षम र सुदृढ बनाउन समयानुकुल प्रविधिमैत्री बनाउदै लगिनेछ ।**

९.१ हट लाइन, टेलिमेडिसिन, लगाएतका सेवाहरु संचालन गरी सेवालाइ थप प्रभावकारी बनाइनेछ ।

९.२ दुर्गम क्षेत्रमा सुलभ फार्मेसी सेवा बिस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरुमा फार्मेसी थप व्यवस्थित गरिने छ ।

९.३ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्युनतम सेवा मापदण्ड लागु गरी सोही अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।

९.४ गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट को पहुँच बिस्तार गरि स्वास्थ्य संस्थाहरुबाट नै Online reporting लाई बिस्तार तथा नियमित गरिनेछ ।

९.५ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरुमा बिद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्दै लगिने छ ।

९.६ स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा थप गर्दै लगिनेछ । औषधि, औजार तथा आवश्यक सामाग्रीहरुको उचित व्यवस्थापन गर्दै आपुर्ति व्यवस्थापन प्रणालीलाई समयानुकुल चुस्त दुरुस्त बनाइनेछ । निर्मलिकरण तथा गुणस्तरीयता कायम राख्ने सामाग्री आपुर्ति गर्ने ।

९.७ स्वास्थ्य संस्थाहरुलाई सुदृढीकरण गर्दै लगिनेछ । स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहरमैलाको उचित ब्यस्थापन गरिनेछ । प्रबिधिमैत्री स्वास्थ्य संस्थाहरुको बिकाश गर्दै लगिनेछ ।

**नीति ७.१०.स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ । सुचनाका आधारमा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

१०.१ नियमित रुपमा प्रचलित स्वास्थ्य सम्बन्धि सुचना प्रणालीलाई समयमा नै पूर्ण रुपमा सम्पन्न गर्ने प्रवन्ध मिलाईनेछ ।

१०.२ सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा DHIS – 2 को विस्तार गरी बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ब्यवस्था सुनिश्चित गरीनेछ ।

१०.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।

१०.४ स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय एबम् प्रादेशीक प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

१०.५ EWAR Reporting लाई आवश्यकता अनुसार स्वास्थ्य संस्था सम्म विस्तार गरी तुरुन्त रिर्पोटि• हुने व्यवस्थाको विकास गरिनेछ ।

१०.६ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सो कार्यका लागि स्रोत व्यवस्थापन, अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ । स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवं संस्थालाई पुरस्कृत गरिनेछ ।

१०.७ संघ तथा कर्णाली प्रदेशसगँको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

१०.८ स्वास्थ्य सुचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गरिने छ

**नीति ७.११.स्वास्थ्य बीमा कार्यक्रमलाइ प्रभावकारी बनाउदै सिमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्य उपचारमा पर्ने ब्यक्तिगत ब्ययभार कम गरिनेछ ।**

११.१ स्वास्थ्य बीमाको दायरा बढाइ गाउँपालिकाका सबै नागरिकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

११.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ ।

११.३ अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।

**नीति ७. १२. सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।**

१२.१. निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवा प्रदायक संस्थाहरुको लागी मापदण्ड,

निर्देशिका बनाई सोही अनुसार दता गर्ने, संचालन अनुमति दिने तथा तथा नियमन् गर्ने व्यवस्था मिलाईने छ ।

१२.२. गाउँपालिकामा एक जना जनस्वास्थ्य निरिक्षकको व्यवस्था गरी स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिबृद्धी गर्ने कार्यमा परिचालन गरिने छ ।

१२.३. गाउँपालिकाभरिमा सम्पुर्ण स्वास्थ्य संस्थाहरुको नियमन, नियमित अनुगमन, मूल्यांकन गर्न निर्देशिका बनाइ सोही अनुसार लागू गरिनेछ ।

१२.४. स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाइ प्रभावकारी बनाइनुका सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरीने छ ।

१२.५ सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरीने छ । सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रगति प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ ।

१२.६ सार्वजनिक तथा निजी क्षेत्रको सहभागीताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ ।

**नीति ७.१३. जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य रोगहरुको रोकथाम, नियन्त्रण, निवारण, र महामारी नियन्त्रण तथा विपद ब्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यन्वयन गरिनेछ ।**

१३.१ गाउँपालिका विपत ब्यवस्थापन पूर्वतयारी योजना बनाईने कार्यान्वयन गरिनेछ ।

१३.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने ब्यवस्था गरिनेछ र गाउँपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ ।

१३.३ गाउँपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ । विपद व्यवस्थापन, जोखिम नियुनिकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सकृय सहभागीता तथा योगदानलाई प्रोत्साहित गरिनेछ ।

१३.४. दुर्गम क्षेत्रबाट आकस्मिक स्वास्थ्य अवस्था परि संकटमा रहेका (सुत्केरी बेथा, चोटपटक) को अवस्थामा हवाई माध्यमबाट उद्धार गर्न प्रदेश सरकार सँग समन्वय गरिनेछ ।

१३.५ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्न सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

१३.६ समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ । क्षयरोग, कुष्ठरोग, HIV AIDS, जस्ता सरुवा रोगहरुको रोक थाम नियन्त्रण निवारण र उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.७ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी कार्य गरी गाउँपालिकालाई पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ र यसलाई निरन्तरता दिइने छ ।

अन्तिम मस्यौदा

१३.८ सुचिकृत रोगहरुको सुचित गर्ने पद्धती (Notification System) विकास गरि कार्यन्वयन गरिनेछ ।

**नीति ७.१४. स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।**

१४.१ महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपथितिमा निरन्तरता दिन निशुल्क सेनटिरी प्याड वितरणको व्यवस्था मिलाइनेछ ।

१४.२ अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था मिलाइनेछ ।

१४.३.प्रेषण प्रणाली लाइ व्यवस्थित बनाइ दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण र ब्यवस्थापन गरिने छ ।

१४.४ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा गाउँ/नगरपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ ।

१४.५ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।

१४.६ गाउँपालिकाको कुल बजेटको कम्तिमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमश बृद्धि गरिनेछ ।

१४.७. अति गरिव, असहाय, द्वन्द पीडित, एकल महिला तथा पुरुषहरुलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिने छ ।

**निति ७.१५.स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ ।**

१५.१ स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।

१५.२. स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ । स्वास्थ्यकर्मिलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ ।  सेवा ग्राही सन्तुष्टी, मूल्याकन प्रणाली निरन्तर रुपमा गरिनेछ ।

१५.३.स्वास्थ्य सुशासन कायम गर्नको लागी सामाजिक पररिक्षण, सार्बजनिक सुनुवाई नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवा प्रवाहमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।

१५.४. स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने  छ ।

१५.५. गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धि सूचनाको हक तथा सेवाग्राहीले उपचार संबन्धि जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५.६ आपुर्ति ब्यवस्थापन प्रणालीलाई समयानुकुल चुस्त दुरुस्त बनाइनेछ । निर्मलीकरण तथा गुणस्तरीयता कायम राख्ने सामाग्री आपुर्ति गरीनेछ । स्वास्थ्य संस्थाबाट उत्सर्जित फोहरमैलाको उचित ब्यस्थापन गरिनेछ ।

१५.७ स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

**नीति ७.१६ गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ ।**

१६.१ स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई बृद्धि गर्न बहुक्षेत्रिय सहकार्यलाई जोड दिईनेछ । पोषण सम्बेदनशिल कृषि कार्यलाई व्यवस्थित तरीकाले बढावा दिइदै लगिनेछ । प्रत्येक परिवारमा सुधारीएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.२ खाद्य वस्तु उत्पादनमा लागेका कृषकहरुलाई रैथने वालीहरु जस्तै कोदो, जौ, फापर, स्थानीय आलु जस्ता कृषि उपजहरुको उत्पादकत्वमा बृदि गर्न प्रोत्साहन गर्दै लगिनेछ । कृषि सेवा तथा पशु सेवा केन्द्रहरुसँग समन्वयन गरेर कृषकहरुलाई पोषण सम्बन्धि कक्षाहरुको व्यवस्था मिलाइनेछ ।

१६.३ पालिकाको पहलमा उन्नत जातका बिऊ बिजनको व्यवस्थापन गर्न पहल गर्दै उत्पादन बृद्दि गरीनेछ । साथै उत्पादित बस्तुको व्यवस्थित बजारिकरणको व्यवस्थापन गर्न पालिकालाई निरन्तर सहयोग गरिनेछ । उत्पादित पौष्टिक खाद्यपदार्थको प्रशोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१६.४ खाद्य विविधीकरणमा जोड दिदै पोषण व्यवहार सुधार तथा पत्रु खानालाई निरुत्साहित गर्ने सम्बन्धी सामाजिक ब्यबहार परिवर्तनका कार्यक्रमहरु लागु गरिने छ । पोषणयुक्त बाल पौष्टिक आहार, विदालय दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि पोत्साहन गरिनेछ र सोको गुणस्तर सुनिश्चित गर्ने प्रावधान बनाईनेछ । गायँ पालिका अर्न्तगत संचालन हुने कुनै पनि कार्यकममा खाजाको रुपमा रैथाने वालिबाट बनाइएका खाजा प्रयोग गरिनेछ ।

१६.५ खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन, बिक्रि बितरणको लागी नियमन गरिने छ । गाउँपालिकाको नाकामा पशु स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वस्थ पशुलाई मात्र पालिका प्रवेश गर्ने वातावरण निमार्ण गर्न पालिकालाई सहयोग गरि स्वस्थ्य मासु तथा दुधको प्रयोग सुनिश्चित गरिनेछ । कुनै पनि उत्पादित तयारी खानेकुराहरुमा अनिबार्य लेवलिङ तथा समयावधिको अनिवार्य व्यवस्था गरिने छ ।

१६.६ दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी पोषिलो परिकार तयारी गर्ने सिपको विकास र प्रयोग गर्ने

पद्धतीको विकास  गर्दै लगिने छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसँग समन्वयन गरि विभिन्न पोषिलो परिकार तयारी गर्ने  सिप विकास तालिमको व्यवस्था मिलाईनेछ।

१६.७ बहुक्षेत्रीय पोषण कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धीत कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ। स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू आवश्यकता अनुसार विस्तार परिनेछ।

**नीति : ७.१७ फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र ब्यवस्थापन गरी  गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

१७.१  गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्था तथा सबै बिद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ। समुदायमा बितरण गरिएको खानेपानी तथा व्यवसायिक रुपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिने छ।

१७.२  वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिने छ। खुला दिशामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइ युक्त गाउँपालिका बनाईनेछ र सो को दिगोपनाको रणनिती तयार गरि कार्यान्वयन गरिनेछ।

१७.३  गाउँपालिका भित्र खानेपानी, हावा, ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर, कार्यान्वयन र नियमन गरिनेछ।

१७.४ घरायसि कामबाट निष्कासित घरायसि फोहोरहरु जस्तै खेर गएका काचो तथा पकाएका खानेकुरा, पशुहरुका मल मुत्रहरु आदिलाई प्रा·गरिक मलको रुपमा प्रयोग गर्ने बानीको विकास गर्दै लगिनेछ। घरायसि कामकाजबाट निष्कासित पानीलाई संकलन गरी करेसाबारी सिंचाईको लागी प्रयोग हुने वातावरण मिलाईनेछ। बजार क्षेत्र तथा बाक्लो बस्ति भएका स्थानमा फोहेर संकलनका लागी पालिकाको पहलमा कन्टेनरको व्यवस्थाका साथै संकलित फोहोरको उचित व्यवस्थापन तथा विसर्जनको व्यवस्था गरिनेछ।

१७.५ गाउँपालिका भित्र जल, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसंग समन्वय गरीने छ।

१७.६ किटनाशक बिषादीको प्रयोगलाई निरुत्साहित गर्दै औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ।

१७.७ सबै स्वास्थ्य संस्थाहरुमा फोहोरमैला व्यस्थापनको लागि फोहोर संकलन गर्ने बाल्टिन, संक्रमण तथा प्रदुषण निवारण र निर्मलीकरण गर्ने सम्बन्धि आबश्यक औजार र सामग्रीहरु,  प्लासेन्टा पिट र फोहोर जलाउने खाडल को मापदण्ड अनुसार व्यवस्था गरिने छ। सार्बजनिक स्थलहरुमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण नियन्त्रण सम्बन्धि कार्यलाई राष्ट्रिय मापदण्ड अनुरुप कार्यान्वयनमा ल्याइने छ।

१७.८ पेशागत स्वास्थ्य सुरक्षाका लागि ्आइपर्ने जोखिमहरु न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमा कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ।

१७.९ पर्यावरण र वातावरणीय परिवर्तन साथै कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्न सक्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ ।

**नीति :७. १८ प्रशुति केन्द्रमा कार्यरत नसि{ङ स्टाफहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।**

१८.१ प्रशुति केन्द्रमा कार्यरत नर्सिङ स्टाफहरुलाई आवासको व्यवस्थापन मिलाइनेछ ।

१८.२ संस्थागत प्रशुति दर वृद्धि गर्नका लागि नर्सिङ स्टाफहरुलाई मासिक रुपमा घर दैलो कार्यक्रममा परिचालन गरिने छ र परिचालित नर्सिङ स्टाफलाई यातायात खर्चको व्यवस्था गरिनेछ ।

१८.३ सुत्केरीको अवस्था जानकारी लिनका साथै अन्य उत्तर प्रशुतिका अवस्थाहरु अनिवार्य जानकारी लिई परामर्श दिनकालागि नसिङ स्टाफलाई प्रति सुत्केरी रु १०० बराबरको मोबाइल रिचार्ज वडाको समन्वयनमा व्यवस्था मिलाइनेछ ।

**नीति :७. १९ गाउँपालिकामा आकस्मिक प्रशुति कोष खडा गरिनेछ ।**

१९.१ तिला गाउँ पालिकाले आकस्मिक प्रशुति कोषको स्थापना गर्ने छ । उक्त कोषको रकम जटिल अवस्थाका गर्भवति महिलाहरुलाई सुरक्षित सुत्केरी सेवा प्राप्त गराउने कार्यमा खर्च गरिने छ ।

**नीति :७. २० महिला स्वास्थ्य स्वयं सेवकहरुको सेवा व्यवस्थित गरिनेछ ।**

२०.१ महिला स्वास्थ्य स्वयं सेवकको क्षमता अभिवृद्धी एंव पूर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।

२०.२ उत्कृष्ट स्वयं सेवकहरुलाई प्रोसाहन एंव पुरस्कारको व्यवस्था गर्दै लगिनेछ ।

२०.३ ६० वर्ष उमेर नाघेका तथा लेख पढ गर्न नसक्ने महिला स्वास्थ्य स्वयं सेवकहरुलाई सम्मान सहित बिदाईको व्यवस्था क्रमश गर्दै लगिनेछ ।

**नीति ७.२१ सबै प्रकारका अपांगता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका अनुसार अपांगतामैत्री बनाई स्वास्थ्य सेवा तथा दैनिक क्रियाकलाप गर्न सरल हुने वातावरण निर्माण गरिनेछ ।**

२०.१ सेवासँग सम्बन्धित सूचना तथा सञ्चारलाई अपाङ्गतामैत्री बनाइनेछ ।

२०.२ अपाङ्गता भएका व्यक्तिकालागि अपाङ्गतामैत्री भौतिक संरचना निर्माण तथा सञ्चालन गरिनेछ ।

२०.३ अपाङ्गता मैत्री तथा मर्यादित भाषिक शब्दावलीहरुको प्रयोग गरिनेछ ।

२०.४ नेपाल सरकारले विभिन्न कानुनी दस्तावेजमा तोकेबमोजिमको स्वास्थ्य सेवा तथा स्वास्थ्य कर्मीलाई तालिम दिई आधारभुत पुर्नस्थापन सेवा तथा रेफरल सेवा प्रदान गरिनेछ ।

२०.५ खण्डिकृत तथ्याङ्क अभिलेखीकरण तथा व्यवस्थापन गरिनेछ ।

**७.१७ जनसांख्यिक स्थिती र वितरणको आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरु तर्जुमा गरिनेछ ।**

## ८. संस्थागत संरचना

८.१. नीति कार्यान्वयनका लागि गाउँपालिकाको नेतृत्वमा पालिका स्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहनेछन भने स्वास्थ्य सेवा प्रदायकका रुपमा विभिन्न स्वास्थ्य संस्थाहरु हुनेछन् ।

त्यसैगरी आधारभुत लगाएत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि  गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

८.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरुसंग  क्षमता अभिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

## ९. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन मूलतः  गाउँपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न गाउँपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु, गैर सरकारी संस्थाहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

## १०. अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित  नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ । प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीती, योजना र कार्यक्रम निर्माण गरी कार्यन्वयनमा  लगिने छ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक कानून तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ । यही कार्यायेजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

## १२. जोखिम

मौलिक अधिकारको रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवं सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने समन्वय, स्रोत र साधन व्यवस्थापन हुन नसकेमा कार्यन्वयनमा कठिनाई  भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ ।